संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - २२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल जेठ २६ गते शुक्रबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:३० बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सदनमा उपस्थित सम्पूर्ण माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भई विरोध जनाउनु भएपछि सम्माननीय सभामुखले माननीय श्री योगेश कुमार भट्टराईलाई समय दिनुहुँदा उहाँले कोशी प्रदेशमा प्रदेश नामाकरणको विरुद्धको आन्दोलनको क्रममा एकजना प्रदर्शनकारीको मृत्यु प्रहरीको लाठी वा गोली लागेर नभई प्रदशर्नकारीकै तर्फबाट प्रहरीलाई प्रहार भएको लाठी लागेर भएको भन्ने सञ्चार माध्यममा आएको छ त्यसको छानवीन गर्नु पर्ने र कोशी प्रदेश सभाका नेपाल कम्युनिष्ट पार्टी (एमाले) को संसदीय दलको उपनेता राम बहादुर राना र उपसभामुख सिर्जना दनुवारमाथी ईलाममा भएको आक्रमण सम्बन्धमा सरकारले जवाफ दिनुपर्ने लगायतका विषयमा आफ्नो भनाई राख्दै सो सम्बन्धमा गृह मन्त्रीले सदनमा स्पष्ट पार्नु पर्दछ भन्नु भयो ।

त्यसपछि माननीय उपप्रधान तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले सदनमा उठेका विषयहरुका सम्बन्धमा जवाफ दिनुहुँदै कोशी प्रदेशमा घटित घटनाका सम्बन्धमा सरकार गम्भीर रहेको र आन्दोलनका क्रममा हुने गरेको हिंसात्मक कार्यलाई रोक्नुका साथै त्यस्ता कार्यमा संलग्न जो कोहीलाई कारवाहीको दायरमा ल्याउन सरकार प्रतिवद्ध रहेको कुरा जानकारी गराउनु भयो ।

तत्पश्चात् प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नु भयो ।

१. मा० श्री बिमला सुवेदी
२. मा० श्री भानुभक्त जोशी
३. मा० श्री भिम प्रसाद आचार्य
४. मा० श्री मन बहादुर गुरुङ्ग
५. मा० श्री मनिष झा
६. मा० श्री महेन्द्र बहादुर शाही
७. मा० श्री महेश कुमार वर्तौला
८. मा० श्री महेश बस्नेत
९. मा० श्री माधव सापकोटा
१०. मा० श्री मिना यादव
११. मा० श्री मिना तामाङ
१२. मा० श्री मानबीर राई
१३. मा० श्री मेनका कुमारी पोखरेल
१४. मा० श्री मंगल प्रसाद गुप्ता
१५. मा० श्री मंजु शर्मा अन्सारी
१६. मा० श्री रघुजी पन्त
१७. मा० श्री रण कुमारी बलम्पाकी मगर
१८. मा० श्री रणेन्द्र बराली
१९. मा० श्री रन्जु कुमारी झा
२०. मा० श्री रमा कोईराला पौड्याल
२१. मा० श्री राजु थापा
२२. मा० श्री राजेन्द्र कुमार के.सी.
२३. मा० श्री राजेन्द्र कुमार राई
२४. मा० श्री राम कुमार राई
२५. मा० श्री राम नाथ अधिकारी
२६. मा० श्री राम शंकर यादव
२७. मा० श्री रामहरि खतिवडा
२८. मा० श्री रुपा सो.सी. चौधरी
२९. मा० श्री रेखा यादव
३०. मा० श्री लक्ष्मी तिवारी
३१. मा० श्री लाल प्रसाद सावाँ लिम्बु
३२. मा० श्री लिलानाथ श्रेष्ठ
३३. मा० श्री लेखनाथ दाहाल
३४. मा० श्री राजेन्द्र बजगाई

तदुपरान्त सम्माननीय प्रधानमन्त्रीको तर्फबाट माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री श्री सुरेन्द्र राज आचार्यले "महालेखा परीक्षकको साठीऔं वार्षिक प्रतिवेदन, २०७९" पेश गर्नुभयो ।

त्यसपछि आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि जारी सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो:-

१. मा० श्री अर्जुन नरसिंह के.सी.
२. मा० श्री गोकर्ण विष्ट
३. मा० श्री जनार्दन शर्मा
४. मा० श्री रन्जु कुमारी झा
५. मा० श्री कृष्ण कुमार श्रेष्ठ
६. मा० श्री गंगा राम चौधरी

७. मा० श्री अजय कुमार चौरसिया
८. मा० श्री छविलाल विश्वकर्मा
९. मा० श्री रुपा सो.सी. (चौधरी)

यसैबीच माननीय श्री जनार्दन शर्माले बोल्न क्रममा माननीय श्री प्रेम सुवालले प्रतिनिधि सभा नियमावली, २०७९ व्यवस्था बमोजिम मन्त्रालयसँग सम्बन्धित विषयमा छलफल भइरहेको तर सम्बन्धित मन्त्री बैठकमा उपस्थित नरहनु भएको भनी नियमामत्ति गर्नु भएपछि सम्माननीय सभामुखले माननीय अर्थ मन्त्री राष्ट्रिय सभाको बैठकमा रहनु भएकोले आउनु हुने जानकारी गराउनु भयो ।

यसैगरी माननीय डा० स्वर्णिम वाग्लेले बोल्न प्रारम्भ गर्नु अघि माननीय श्री सुमना श्रेष्ठले नियमापत्ति गर्नुहुँदै प्रतिनिधि सभा नियमावली, २०७९ को नियम (६) उपनियम (५) बमोजिम मन्त्रालयसँग सम्बन्धित छलफल हुँदा सम्बन्धित मन्त्री अनिवार्य उपस्थित हुनु पर्नेमा माननीय अर्थमन्त्री बैठकमा अनुपस्थित हुनु भएको भन्नु भएपछि सम्माननीय सभामुखले माननीय अर्थ मन्त्री राष्ट्रिय सभामा हुनु भएकोले आउनु हुन्छ भन्नुहुँदा पनि राष्ट्रिय स्वतन्त्र पार्टीका माननीय सदस्हरु आ-आफ्नो आशन अगाडी उभिनु भएपछि सम्माननीय सभामुखले बैठक १५ मिनेटको लागि स्थगित गर्नुभयो ।

तदनन्तर बैठक १५ मिनेट पछि बस्ने गरी दिनको २:५० बजे स्थगित भयो ।

प्रतिनिधि सभाको १५ मिनेट पछि बस्ने गरी निर्धारण भएको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ३:१५ बजे प्रारम्भ भयो ।

त्यसपछि आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि जारी सामान्य छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनु भयो:-

१. मा० डा० स्वर्णिम वाग्ले
२. मा० श्री मन्जु शर्मा अन्सारी
३. मा० श्री शंकर भण्डारी
४. मा० श्री भीमप्रसाद आचार्य
५. मा० श्री प्रेम सुवाल
६. मा० श्री धवल शम्मशेर जंगबहादुर राणा
७. मा० श्री रामहरि खतिवडा
८. मा० श्री राजेन्द्र कुमार राई
९. मा० श्री देवप्रसाद तिमलसेना
१०. मा० श्री दामोदर भण्डारी
११. मा० श्री पूर्णबहादुर तामाङ
१२. मा० श्री देवी प्रसाद भट्टचन
१३. मा० श्री हृदयराम थानी
१४. मा० श्री चन्द्र बहादुर विश्वकर्मा
१५. मा० श्री तेजुलाल चौधरी
१६. मा० श्री सराज अहमद फारुकी
१७. मा० श्री सुशिला थिङ
१८. मा० श्री सरिता भुषाल
१९. मा० श्री हर्कमाया वि.क.
२०. मा० श्री प्रेमबहादुर महर्जन
२१. मा० श्री महेश कुमार वर्तौला

तत्पश्चात् सम्माननीय सभामुखले आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथिको छलफलमा माननीय सदस्यहरुले बोल्ने क्रम आगामी बैठकमा जारी रहने व्यहोरा जानकारी गराउनु हुँदै आ.व. २०८०/०८१ को राजश्व र व्ययको वार्षिक अनुमानमाथि सामान्य छलफल बाँकी नै रहेकोले उक्त छलफल र माननीय अर्थ मन्त्रीबाट जवाफ दिने कार्यको लागि समेत जेठ २८ गतेको दिन थप गरेको व्यहोरा जानकारी गाराउनु भयो ।

तदपरान्त सम्माननीय सभामुखले संविधान सभा सदस्य एवं पूर्व राष्ट्रिय सभा सदस्यको निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले पारित भयो:-

### शोक प्रस्ताव

"प्रतिनिधि सभाको यो बैठक, नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट वि.सं. २०४८ सालमा तत्कालिन मध्यपश्चिमाञ्चल विकास क्षेत्रबाट राष्ट्रिय सभा सदस्यमा निर्वाचित, वि.सं. २०६४ सालको संविधान सभामा मन्त्रिपरिषद्बाट मनोनित सदस्य महेश चौधरीको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, दाङमा उपचारको क्रममा २०८० साल जेठ २४ गते बुधबार ७३ वर्षको उमेरमा असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

त्यसपछि सभाले दिवंगत महेश चौधरीको आत्माको चीर शान्तिको लागि उठेर १ मिनेट मौन धारण गऱ्यो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल जेठ २८ गते आइतबार बिहान ११:०० बजे बस्ने गरी बेलुका ६:३० बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव